# गाउँमा विकास छ, छैनन् गाउँले

- धेरै घरमा ताला लागेका छन् भने खेतीयोग्य जमिन बाँझिँदै गएको छ।
- मृत्यु संस्कारदेखि पूजाआजासम्मका काममा आवश्यक जनशक्ति जुटाउनसमेत कठिन

**तम्घास समाचारदाता**
*तम्घास (गुल्मी), भदौ १६ गते*



तस्बिर : तिलाचन पाण्डे

**बसाइँसराइका कारण सुनसान खाली घर ।**

जिल्लाका सबै गाउँमा सडक पुगेका छन्, खानेपानी र बिजुलीको सुविधा विस्तार भएको छ। स्वास्थ्य संस्था र विद्यालय गाउँमै छन् तर यी सुविधाले गाउँ छाडेर सहर पस्ने क्रम भने रोक्न सकेको छैन। गुल्मीको कालीगण्डकी गाउँपालिकामा पछिल्ला तीन वर्षको तथ्याङ्कले ग्रामीण क्षेत्रमा बसाइँसराइको लहर कायमै रहेको देखाएको छ।

गाउँपालिकाका अनुसार आर्थिक वर्ष २०८०/८१ मा १५३ परिवारका ५३४ जनाले बसाइँसराइको प्रमाणपत्र लिएका थिए। आव २०८१/८२ मा ११२ परिवारका ४१९ जना र आव २०८२/८३ मा १२५ परिवारका ५२६ जना बसाइँ सरेका छन्। पछिल्लो तीन वर्षमा मात्र एक हजार ४७९ जनाले गाउँ छाडेका छन्।

गाउँपालिकाका सात वटै वडाबाट बसाइँसराइ हुने क्रम जारी छ। आव २०८२/८३ मा वडा नं. १ बाट ५५, वडा नं. २ बाट ११६, वडा नं. ३ बाट ४५, वडा नं. ४ बाट ४६, वडा नं. ५ बाट ५८, वडा नं. ६ बाट ११६ र वडा नं. ७ बाट ९० जना बसाइँ सरेका छन्। पञ्जीकरण शाखाका चोकबहादुर श्रीसका अनुसार सोही अवधिमा अन्य ठाउँबाट नौ परिवारका ३१ जना मात्र कालीगण्डकीमा बसाइँ सरेर आएका छन्। आधिकारिक रूपमा बसाइँसराइ दर्ता नगरी सहरमा डेरा लिएर बस्ने तथा छोराछोरीलाई पढाउन सहर लैजाने परिवारको सङ्ख्या पनि उल्लेख्य रहेकाले वास्तविक बसाइँसराइको अवस्था अझ ठुलो हुन सक्ने उहाँ बताउनुहुन्छ।

बसाइँसराइले गाउँको सामाजिक संरचनामै असर पार्न थालेको छ। धेरै घरमा ताला लागेका छन् भने खेतीयोग्य जमिन बाँझिँदै गएको छ। हरेका घरका युवा रोजगारीका लागि विदेश वा सहरमा हुँदा गाउँमा वृद्धवृद्धा मात्र रहने अवस्था बढेको छ। गाउँमा मृत्यु संस्कारदेखि पूजाआजासम्मका सामाजिक काममा आवश्यक जनशक्ति जुटाउनसमेत कठिन हुन थालेको स्थानीय बताउँछन्।

गाउँपालिकाले बसाइँसराइ रोक्न कृषि र पशुपालनलाई व्यवसायीकरण गर्ने प्रयास गरिरहेको छ। गाउँपालिकाका अध्यक्ष वेदबहादुर थापाका अनुसार सुन्तला तथा कागती खेती विस्तार, उत्पादनमूलक क्षेत्रमा लगानी र स्वरोजगार सिर्जनाका कार्यक्रम अघि बढाइएको छ। सुन्तलाका बिरुवा लगाउन खाडल खन्न प्रतिखाडल चार सय रुपियाँ अनुदान दिने तथा बिरुवा र उत्पादनमा समेत सहयोग गर्ने व्यवस्था गरिएको छ। गाउँमै परिवार टिकाउन पालिकाले सामाजिक कार्यक्रमसमेत अघि सारेको छ। उपाध्यक्षसँग सुत्केरी कार्यक्रम अन्तर्गत सुत्केरीलाई स्थानीय उत्पादनबाट सहयोग गर्ने र पालिकाभित्र जन्मिएका छोरीका नाममा १० हजार रुपियाँ जम्मा गरिदिने कार्यक्रम सञ्चालनमा रहेको उपाध्यक्ष मञ्जु दर्लामीले बताउनुभयो। सुविधा विस्तारसँगै रोजगारी, आम्दानी र गुणस्तरीय अवसर गाउँमै सिर्जना नगरेसम्म बसाइँसराइ रोक्न कठिन हुने स्थानीयको अनुभव छ।

### भोटेकोशी बाढी

# आफन्त खोज्दै अस्पतालमा

**दाङ समाचारदाता**
*दाङ, भदौ १६ गते*

गत बुधबार भोटेकोशी आएको बाढीमा परेर दाङका ५२ जना सम्पर्कविहीन रहेका जिल्ला प्रशासन कार्यालय दाङले जनाएको छ। सम्पर्कविहीन भएका व्यक्तिको खोजी गर्न आफन्तहरू अस्पताल धाउन थालेका छन्। अस्पतालमा पनि शव यकिन नभएपछि झन् पीडा भोग्नु परेको उहाँहरूले बताउनुभएको छ।

विभिन्न रोजगारीका क्रममा रसुवा र नुवाकोटमा पुगेका ५२ जना अझै सम्पर्कमा नआएका दाङका सहायक प्रमुख जिल्ला अधिकारी सावित्रा पुनले जानकारी दिनुभयो। सम्पर्कविहीन हुनेमा अधिकांश व्यक्ति तुलसीपुर उपमहानगरपालिकाका छन्। प्रशासनका अनुसार तुलसीपुर उपमहानगरपालिकाका ३५ जना, राजपुर गाउँपालिकाका पाँच, लमही नगरपालिकाका तीन, राप्ती गाउँपालिकाका तीन, गढवाका दुई, घोराही उपमहानगरपालिकाका दुई, दङ्गीशरणका एक र बबई गाउँपालिकाका एक जना छन्।

सम्पर्कविहीन हुनेमा धेरै जसो फेवा हाइड्रोपावर, मैलुङ हाइड्रोपावर, त्रिशूली हाइड्रोपावर रसुवा, लामटाङखोला हाइड्रोपावर, नुवाकोट हाइड्रोपावरमा काम गर्ने व्यक्ति रहेका छन्। त्यसै गरी दुई जना स्याफ्रुबेँसी स्वास्थ्य चौकीमा, चार जना सवारीचालक र बाँकी मजदुरी क्षेत्रमा काम गर्ने व्यक्ति छन्।

सहायक प्रमुख जिल्ला अधिकारी पुनका अनुसार जिल्ला प्रशासन कार्यालयमा सम्पर्कविहीन भएका ६२ जनाको विवरण उल्लेख भएको थियो। तीमध्ये १२ जनाको उद्धार गरिएको छ। उहाँका अनुसार उद्धार हुनेमा शिव गिरी, देवीप्रसाद चौधरी, उमेश चौधरी, सुनिता तामाङ, भानु न्यौपाने, प्रदीप गिरी, महादेव रावत, अमृता गिरी, निमा शर्मा राउत, मनीषा राउत, मनिला राउत र सानुकान्छी मोक्तान हुनुहुन्छ।

सम्पर्कमा नआएका व्यक्तिको खोजी जारी रहेको प्रशासनले जनाएको छ। सम्पर्कविहीन रहेका आफन्तको खोजीका लागि दाङबाट चितवन, नुवाकोट, काठमाडौँसम्म पुगेको प्रशासनले जनाएको छ। कतिपय व्यक्ति आफन्तको वस्तुस्थिति बुझ्न काठमाडौँ त्रिवि शिक्षण अस्पतालसम्म पुगेका छन्।

# बाढीको पीडाले रोकिए मेला उत्सव

**रेसुङ्गा समाचारदाता**
*रेसुङ्गा (गुल्मी), भदौ १६ गते*

भोटेकोशी नदीको भीषण बाढीबाट गुल्मीका सात जना अझै सम्पर्कविहीन छन्। गुल्मीका प्रमुख जिल्ला अधिकारी बद्रीनाथ गैरेका अनुसार मालिका गाउँपालिकाका दिनेश घिमिरे, रुरुक्षेत्रका यम दर्लामी, अनिता पुरी र कपिलमणि ज्ञवाली; छत्रकोटका गणेश ज्ञवाली, सत्यवतीका धनबहादुर गलामी र कालीगण्डकीका शिव न्यौपाने गरी सात जना बाढीपछि सम्पर्कमा हुनुहुन्न।

त्यसै गरी सत्यवती गाउँपालिका–६, जुहाङका यादव भण्डारीको शव भेटिएको छ। यो राष्ट्रिय शोकको घडीमा जिल्लाका सबै मेला तथा उत्सव स्थगित भएका छन्। रेसुङ्गा नगरपालिकाको प्रसिद्ध कृष्णजन्माष्टमीसहितको रोपाइँजात्रा तथा भजन स्थगित भएको छ। गुल्मीदरबार गाउँपालिकाले पालिकास्तरीय तिजका सबै कार्यक्रम रोकेको जनाएको छ। सत्यवती गाउँपालिका, मदाने, मालिकालगायतका स्थानीय तहले मेला तथा उत्सवस्थगन गरेका छन्।

जिल्ला समन्वय समिति गुल्मीले जिल्लास्तरीय समीक्षा र जिल्ला प्रशासन कार्यालय गुल्मीले निजामती दिवसका सबै पूर्वनिर्धारित कार्यक्रम स्थगित गरेको जनाएको छ। गुल्मीबाट भोटेकोशी नदीको भीषण बाढीबाट प्रभावितको उद्धार, राहत र पुनर्स्थापनाका लागि प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा करिब ४० लाख रुपियाँ सङ्कलन भएको छ। अहिलेसम्म जिल्लाका स्थानीय तह र विभिन्न सङ्घ संस्थाले ४१ लाख २४ हजार ९६४ रुपियाँ राहत रकम सङ्कलन गरेका छन्।

धुर्कोट गाउँपालिकाले १३ लाख ३७ हजार रुपियाँ, रेसुङ्गा नगरपालिकाले १० लाख रुपियाँ, गुल्मीदरबार गाउँपालिकाले पाँच लाख र कर्मचारी तथा जनप्रतिनिधिहरूको सात दिनको पारिश्रमिक भोटेकोशी नदीको भीषण बाढीबाट प्रभावितको उद्धार, राहत र पुनर्स्थापनाका लागि प्रदान गरिएको छ। मालिका गाउँपालिकाले तीन लाख रुपियाँ र जनप्रतिनिधिको स्वैच्छिक तथा कर्मचारीको तीन दिन बराबरको रकम कोषमा जम्मा गरिएको छ। मदानेले चार लाख ९५ हजार आठ सय रुपियाँ प्रदान गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चेतनारायण कँडेलले जानकारी दिनुभयो।

---

**काठमाडौँ महानगरपालिका**
**यें महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**काठमाडौँ प्लाजा, काठमाडौँ, बागमती प्रदेश, नेपाल**
**शिक्षा विभाग**

**सामुदायिक विद्यालयको प्रधानाध्यापक पदमा दरखास्त आह्वानको म्याद थप सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०८३ भदौ २ (ने.सं. ११४६ गुँलाथ्व षष्ठि)**
**दोस्रो पटक प्रकाशित मिति : २०८३ भदौ १७ (ने.सं. ११४६ गुँलागा षष्ठि)**

काठमाडौँ महानगरपालिका अन्तर्गत सञ्चालित २२ वटा माध्यमिक र १४ वटा आधारभूत सामुदायिक विद्यालयहरूमा रिक्त रहेका प्रधानाध्यापक पदमा पदपूर्ति गर्नुपर्ने भएकाले मिति २०८३।०५।०२ गते दरखास्त आह्वान सम्बन्धी सूचना प्रकाशित गरिएकामा हालै आएको प्राकृतिक विपत्तिका कारण सडक सञ्जाल र जनजीवनमा प्रतिकूल प्रभाव परेको हुँदा, दरखास्त पेश गर्ने म्याद मिति २०८३।०५।२३ गतेसम्म थप गर्ने निर्णय भएकाले शिक्षा नियमावली, २०५९ (दशौं संशोधन सहित) को नियम ९३ बमोजिम योग्य उम्मेदवारहरूले थपिएको म्यादभित्र आवश्यक कागजात र विद्यालय विकास प्रस्ताव सहित सम्बन्धित विद्यालयमा रीतपूर्वकको दरखास्त पेश गर्नुहुन सूचित गरिन्छ।

---

**राष्ट्रिय वाणिज्य बैंक लि.**
राष्ट्रिय वाणिज्य बैंक RASTRIYA BANIJYA BANK
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था
**केन्द्रीय कार्यालय**
**सम्पत्ति व्यवस्थापन विभाग**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रकाशन मिति : २०८३/०५/१७)**

यस बैंकको शाखा कार्यालय पुतलीसडकका लागि भाडामा लिइएको नयाँ भवनमा Complete Interior Works of Branch Office Putalisadak (IFB No.: RBBL/AMD/NCB/W/I/Putalisadak/082/83) शीर्षक रहेका निर्माण कार्यहरू गर्नका लागि मिति २०८३/०३/१४ गतेका दिन www.bolpatra.gov.np/egp मा प्रकाशित सूचना अनुसार रीतपूर्वक अनलाइन दाखिला हुन आएका बोलपत्रहरूको मूल्याङ्कन गर्दा तपसिल बमोजिमको बोलपत्र दाताको बोलपत्र सारभूत रूपमा प्रभावग्राही एवं सोको बोल अङ्क **औसत बोल अङ्कसँग सबैभन्दा नजिक** रहेकोले स्वीकृतिका लागि छनोट गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद (दोस्रो संशोधन) ऐन, २०८३ को दफा २७ को उपदफा २ बमोजिम तथा ऐ. ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको ७ (सात) दिने सूचना प्रकाशन गरिएको छ।

| औसत अङ्कसँग सबैभन्दा नजिक बोलपत्र दाताको नाम तथा ठेगाना | बोल अङ्क (भ्याटसहित) |
|---|---|
| साझा कन्स्ट्रक्सन, मन्थली, रामेछाप | रु. २४,९१,१९१/२२ (अक्षरुपी चौबीस लाख एकानब्बे हजार एक सय एकानब्बे र पैसा बाइस) |

---

**काठमाडौँ महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**खरिद एकाई**
**काठमाडौँ प्लाजा, कमलादी, काठमाडौँ**

**बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना।**

**प्रकाशित मिति : २०८३।०५।१७**
**नेपाल संवत ११४६ गुंलागा खस्थि**

काठमाडौँ महानगरपालिका खरिद एकाईले तपसिलको कार्यका लागि गोरखापत्र (राष्ट्रिय) दैनिकमा सार्वजनिक सूचना प्रकाशन गरेको, तोकिएको समयभित्र रीतपूर्वक दर्ता भएका बोलपत्रहरूमध्ये तपसिलमा उल्लेखित बोलपत्रदाता न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही पाइएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(१) र २७(२) को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाता एवं सबै सरोकारवालाहरूका लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्र स्वीकृत हुने फर्मको नाम | कबोल अंक (रु.) |
|---|---|---|---|---|
| 1. | 22-32-082-83-NCBG-PWD-KMC | Supply and Installation of Residential materials for Mangaladevi Girls Hostel at padma kanya secondary school, KMC-29 | Raj and Riwaj Suppliers Pvt. Ltd. | रु. ४७,५६,०४७.९० (मु.अ. कर बाहेक) |
| 2. | 27-44-082-83-NCBG-KMC | Supply and Installation of Different Genuine License at KMC | Namaste Infotech Pvt. Ltd. | रु. २३,३६,८२०. (मु.अ. कर बाहेक) |

**खरिद एकाई**

---

**त्रिभुवन विश्वविद्यालय**
**रजिस्ट्रारको कार्यालय**
**सामान्य प्रशासन महाशाखा, कीर्तिपुर।**

**जारको पिउने पानी सप्लाई सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना।**

**प्रकाशित मिति : २०८३।०५।१७**

त्रिभुवन विश्वविद्यालय केन्द्रीय कार्यालय अन्तर्गत पदाधिकारीहरुको कार्यालय, केन्द्रीय कार्यालयको महाशाखा/शाखाहरू, आगन्तुक महानुभावहरू, सुरक्षाकर्मीहरु र शिक्षक कर्मचारीहरूका लागि जारको पिउने पानी सप्लाइ गर्नका लागि १ वर्षे करारमा रही कार्य गर्न इच्छुक रजिस्टर्ड फर्महरूबाट सिलबन्दी दरभाउपत्र पेश गर्न सूचित गरिन्छ। विस्तृत विवरणका लागि त्रि.वि.को वेबसाइट www.tu.edu.np अथवा ०१-४३३०३६७ मा सम्पर्क गरी बुझ्न सकिनेछ।

---

**नेपाल नागरिक उड्डयन प्राधिकरण**
**त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय**
**गौचर, काठमाडौँ।**

**बोलपत्र रद्द गरिएको सूचना**

**प्रकाशित मिति : २०८३।०५।१७ (2nd Sept., 2026)**

यस कार्यालयका लागि आवश्यक "**Broadband Internet Connectivity for LAN and Wi-Fi,** NCB/33/PROSEC/2082/83" खरिद सम्बन्धमा मिति २०८३।०२।०१ (15th May, 2026) मा सार्वजनिक सूचना प्रकाशित गरी बोलपत्र आह्वान गरिए अनुसार e-bid को माध्यमबाट प्राप्त हुन आएका बोलपत्रहरू कार्यालयको निर्णयानुसार रद्द गरिएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

---

**नेपाल वायुसेवा निगम**
नेपाल वायुसेवा
**साधारण सेवा तथा सम्पत्ति व्यवस्थापन विभाग**
**कान्तिपथ, काठमाडौँ**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(सूचना प्रकाशित मिति २०८३।०५।१७)**

यस निगमद्वारा मिति २०८३।०४।१८ गते प्रकाशित "Aluminium Casserole Dish with Lid & Aluminium Tiffin Foil for International Flights of NAC" खरिद गर्नका लागि आह्वान भएको सूचना बमोजिम (E- Bidding/eGP) बोलपत्र मार्फत प्राप्त भएका बोलपत्र मध्ये सारभूतरुपमा प्रभावग्राही तपसिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) र (३) को प्रयोजनार्थ उक्त बोलपत्रसंग सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

| क्र. सं. | बोलपत्रदाता | सामानको प्रकृति | कुल कबोल रकम (शून्य मू.अ.कर) |
|---|---|---|---|
| १. | श्री एस.बि.एल. प्रोफेशनल प्रा.ली., ललितपुर महानगरपालिका-०२, सानेपा, ललितपुर। | **Aluminium Casserole Dish with Lid & Aluminium Tiffin Foil** | रु. १,५१,६०,०००।- |

---

**नेपाल सरकार**
**पूर्वाधार विकास मन्त्रालय**
**सडक विभाग**
**संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौँ**
**सडक डिभिजन हेटौँडा, मकवानपुर**

**Notice: 11/RDHTD/2082/083 &03/RDHTD/2083/084 (With Amendment)**

**सूचना प्रकाशन मिति २०८३/०५/१७**

यस डिभिजनको मिति २०८३/०३/३२ र २०८३/०५/०८ मा Bolpatra.gov.np मा प्रकाशित Invitation for Electronic Bids, Notice No: 11/RDHTD/2082/083 र 03/RDHTD/2083/084 मा हाल e-gp system मा देखिएका समस्या तथा सो सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयको सूचना समेतको आधारमा देहाय बमोजिम हुने गरी संशोधन गरी सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

1. e-gp system बाट बोलपत्र प्रस्ताव बुझाइ सकिएको हकमा सो प्रस्तावहरूलाई खारेज गरिएको र पुनः hardcopy मार्फत बुझाउनुपर्नेछ।
2. इच्छुक तथा योग्य बोलपत्रदाताहरूलाई यस डिभिजनमा निवेदन, फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि र उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) जम्मा गरेर दस्तुर बुझाएको प्रमाणसमेत पेश गरी मिति २०८३/०५/२५ को १२:०० बजे सम्म बुझाउन सक्नु हुनेछ। Date of Bid Opening मिति २०८३/०५/२५ गतेसम्म कार्यालय समय भित्र कार्यालयबाट बोलपत्र सम्पूर्ण कागजातहरू (Bidding Document) खरिद गरी रितपूर्वक भरी डिभिजनमा मिति २०८३।०५।२५ को १२:०० बजेसम्म बुझउन सक्नु हुनेछ। Date of Bid Opening मिति २०८३।०५।२५ को १३:०० बजे कायम गरिएको छ।

| S.N. | Contract I.D. | Works Descriptions | Bid Document Fee |
|---|---|---|---|
| 1 | RDHTD/33701132/2082/83-48 | Construction of Crossing Structure at Bagjhora Khola along Hetauda-Samari-Bhainse Section of Tribhuwan Rajpath, Makwanpur | NRs. 5000 |
| 2 | RDHTD/SQ/33701130/2083/084-19 | Road Maintenance Works along Parwanipur-Pathlaiya Section of TRP (NH41), Bara | NRs. 1000 |
| 3 | RDHTD/SQ/33701130/2083/084-20 | Road Maintenance Works at Gandak Chowk of TRP (NH41), Parsa | NRs. 1000 |

**बोलपत्र कागजातको दस्तुर जम्मा गर्ने सम्बन्धी विवरण :**
**Name of Bank:** Nepal Bank Limited, City Office, Hetauda, Makwanpur
**Name of Office:** Road Division Hetauda, Makwanpur
**Ra aswa Khata No:** 00101000000001001001
**Office Code :** 337013201
**Ra aswa Shirshak No:** 14229

3. यस विषयमा थप जानकारीको लागि कार्यालय समयमा यस डिभिजनमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

**Division Chief**

---

**प्रदेश सरकार**
**ऊर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालय**
**खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, तनहुँ**

**बोलपत्र संशोधन सम्बन्धी सूचना**

**(प्रकाशित मिति २०८३/०५/१७)**

यस कार्यालयको मिति २०८३/०५/१० गते www.bolpatra.gov.np/egp (e–GP system) मा प्रकाशित निम्नानुसार बोलपत्र प्रकाशित भएकोमा हाल e–GP System मा देखिएका समस्या तथा सो सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयको सू.प्र.२०८३/२०८४ च.नं.MIT/१८२ को पत्रको आधारमा देहाय बमोजिम संशोधन गरी सबैको जानकारीका लागी यो सूचना प्रकासन गरिएको छ।

१. e–GP System बाट बोलपत्र प्रस्ताव बुझाइ सकिएको हकमा सो प्रस्तावहरूलाई खारेज गरिएको र पुनः Hardcopy मार्फत बुझाउनु पर्नेछ।
२. इच्छुक तथा योग्य बोलपत्रदाताहरूले यस कार्यालयमा निवेदन, फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि र बोलपत्र दस्तुर रु.३०००.०० (फिर्ता नहुने गरी) राजश्व शिर्षक १४२२९ जम्मा गरेको भौचरसमेत पेश गरी मिति २०८३/०५/३० गते सम्म कार्यालय समय भित्र बोलपत्र फाराम खरिद गरी रीतपूर्वक भरी यस कार्यालयमा मिति २०८३/०५/३१ को १२:०० बजे सम्म बुझाउन सकिनेछ। बोलपत्र खोल्ने मिति २०८३/०५/३१ को १३:०० बजे कायम गरिएको छ।

| S.N | Contract ID | Name of Procurement | Estimated Amount (Excluding Vat). |
|---|---|---|---|
| 1 | 01/083/084/WSSDO/Tanahun | Supply and Delivery of PE 100 HDPE Pipe for Nawalpur district | Rs. 1,26,30,555.76 |
| 2 | 02/083/084/WSSDO/Tanahun | Supply and Delivery of GI Pipe and Fittings for Nawalpur district | Rs. 40,08,410.00 |

---

**लहान नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**लहान, सिराहा**
**मधेस प्रदेश, नेपाल**
**(राजश्व शाखा)**

**विज्ञापन कर र सेवा शुल्क संकलन ठेक्का सम्बन्धी शिलबन्दी टेण्डर आमन्त्रण सूचना।**

**(चौथो पटक सूचना प्रकाशित मिति २०८३/०५/१७ गते)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ वमोजिमको यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने देहाय वमोजिमको विज्ञापन कर र सेवा शुल्क संकलन गर्न/ गराउन आर्थिक वर्ष २०८३/०८४ मा बाँकी अवधि १० महिना अर्थात मिति २०८३ अशोज १ गते देखि २०८४ साल असार मसान्तसम्मका लागि एकमुष्ट गनी महसुल/ किस्ताबन्दीमा ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकाले इच्छुक फर्म, संस्था वा कम्पनीहरूले फर्मको नविकरण भएको प्रमाणपत्र, व्यवसाय नविकरण प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न गरी विस्तृत सूचनामा उल्लेख भएका शर्तहरूको अधिनमा रही शिलबन्दी टेण्डर प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपशिल:**

| क्र.स./ठेक्का नं. | ठेक्का को नाम | ठेक्काको अवधि | बाँकी अवधि १० महिनाको संशोधित न्यूनतम ठेक अंक रकम रु. (मू.अ.कर, दुर्गा पुजा चन्दा र आय कर बाहेक) | ठेक्काको किसिम |
|---|---|---|---|---|
| १. | गुदरीहाट बजार सेवा शुल्क वडा नं. १ देखी १० सम्म एकमुष्ट | २०८३/०८४ (२०८३ अशोज १ गते देखि २०८४ असार मसान्तसम्म जम्मा १० महिना) | रु.२९,७०,०००।- | २ (दुई) किस्ता |
| ३. | गुदरीहाट बजार सेवा शुल्क वडा नं. २३ गाढा चोक | | रु.९९,८८०।- | एकमुष्ट |
| ४. | गुदरीहाट बजार सेवा शुल्क वडा नं. १२ भोटिया टोल | | रु.१,२१,८८०।- | एकमुष्ट |

(**नोट**:- विस्तृत सूचना यस कार्यालयको Website: www.lahanmun.gov.np मा हेर्न सकिने छ)

**प्रमुख प्रशासकीय अधिकृत**